# टयाक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१

स्वीकृत मिति : २०८१।१२।१४

पहिलो संशोधन मिति : २०८२।०१।३०

**प्रस्तावना :** आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधाको स्तर लगायतका आधारमा टयाक्सी (यात्रुवाहक साना सवारी) को व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको मापदण्ड बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस मापदण्डको नाम "टयाक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड मन्त्रालयबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

(३) नयाँ टयाक्सीको रुपमा दर्ता हुने वा पुराना टयाक्सीको सट्टामा दर्ता हुने सवारी र यो मापदण्ड लागू हुनुभन्दा अघि नै टयाक्सीको रुपमा सञ्चालनमा रहेका सवारीमा यसै मापदण्ड बमोजिमका व्यवस्थाहरु लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "अधिकार प्राप्त निकाय" भन्नाले सवारीको भाडा निर्धारण गर्नका लागि संघीय, प्रादेशिक वा स्थानीय कानून बमोजिम अधिकार प्राप्त निकाय सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ सम्झनु पर्छ।

(ग) "जाँचपास" भन्नाले ऐन तथा नियमावली बमोजिम गरिने सवारीको यान्त्रिक स्थितिको परीक्षण सम्झनु पर्छ।

(घ) "टयाक्सी" भन्नाले ऐनमा उल्लेख भए बमोजिमको सार्वजनिक यातायातमा प्रयोग हुने यात्रुवाहक सानो सवारी सम्झनु पर्छ।

(ङ) "नियमावली" भन्नाले सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ सम्झनु पर्छ।

(च) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सम्झनु पर्छ।

(छ) "विभाग" भन्नाले मन्त्रालय अन्तर्गतको यातायात व्यवस्था विभाग सम्झनु पर्छ।

(ज) "सवारी दर्ता गर्ने कार्यालय" भन्नाले सवारी दर्ताको काम गर्ने प्रदेश सरकार अन्तर्गतको यातायात व्यवस्था कार्यालय सम्झनु पर्छ।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## परिच्छेद-२

## <u>ट्याक्सीको वर्गिकरण र दर्ता सम्बन्धी व्यवस्था</u>

३. **<u>ट्याक्सीको नम्बर प्लेट तथा छतमा लगाइने रङ्ग</u>** : प्रत्येक ट्याक्सीमा इम्बोस्ड नम्बर प्लेट जडान गरिएको हुनु पर्नेछ र ट्याक्सीको छतमा पहेंलो रङ्ग लगाइएको हुनु पर्नेछ।

४. **<u>न्यूनतम सुरक्षा विशेषता</u>** : ट्याक्सीमा अनुसूची-१ बमोजिमका न्यूनतम सुरक्षा विशेषताहरु अनिवार्य रुपमा हुनु पर्नेछ।

*……………………………………………………………………

५. **<u>ट्याक्सीको वर्गीकरण</u>** : आकार, यान्त्रिक क्षमता तथा उपलब्ध सुविधाको स्तर लगायतका आधारमा ट्याक्सीहरुलाई देहाय बमोजिम वर्गीकरण गरिएको छः-

(क) साधारण (Ordinary) : अनुसूची -२ बमोजिमका सवारी,

(ख) विशेष (Deluxe) : अनुसूची -३ बमोजिमका सवारी,

(ग) विशिष्ट (Luxury) : अनुसूची -४ बमोजिमका सवारी।

**स्पष्टीकरण** : हाल सञ्चालनमा रहेका साधारण वर्गमा पर्ने ट्याक्सीको हकमा अनुसूची-२ को व्यवस्थाले बाधा पुगेको मानिने छैन।

६. **<u>वर्ग कायम गर्नु पर्ने</u>** : (१) नेपालमा पैठारी, उत्पादन एसेम्बल वा रुपान्तरण भएको सवारीको कुनै मोडललाई ट्याक्सीको रुपमा दर्ता गराउन वा वर्ग कायम गराउन पैठारीकर्ता (आधिकारिक विक्रेता), उत्पादक, एसेम्बलीकर्ता वा रुपान्तरणकर्ताले अनुसूची-५ को ढाँचामा तोकिए बमोजिमका कागजात संलग्न गरि विभागमा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर अनुसूची-१, अनुसूची-२, अनुसूची-३ वा अनुसूची-४ का आधारमा आवश्यक जाँचबुझ गर्दा सवारीको मोडल यो मापदण्ड बमोजिम रहेको पाइएमा विभागले सवारी मोडलको वर्ग कायम गरी अनुसूची-६ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन उपर जाँचबुझ गर्ने क्रममा विभागले सवारीको भौतिक निरीक्षण तथा परीक्षण गर्न, गराउन तथा आवश्यक्ता अनुसार थप विवरण तथा कागजात माग गर्न सक्नेछ।

(४) उपदफा (२) बमोजिम दिइएको वर्ग कायम गरिएको प्रमाणपत्र सवारीको मोडलमा उत्पादक वा एसेम्बलीकर्ताले कुनै परिवर्तन नगरेसम्म सोही मोडलका सबै सवारीहरुको लागि मान्य हुनेछ। सवारीको आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधा जस्ता

---

* पहिलो संशोधनद्वारा झिकिएको।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

पक्षहरुमा उत्पादक वा एसेम्बलीकर्ताले कुनै परिवर्तन गरेमा परिवर्तित मोडलको वर्ग कायमका लागि उपदफा (१) बमोजिम विभागमा निवेदन दिनु पर्नेछ।

७. **टयाक्सीको निरीक्षण तथा दर्ता** : (१) सवारी दर्ता गर्ने कार्यालयले दफा ६ को उपदफा (२) बमोजिम वर्ग कायम प्रमाणपत्र प्राप्त मोडलको सवारीलाई मात्र टयाक्सीको रुपमा दर्ता गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम टयाक्सी दर्ता गर्दा सवारी दर्ता गर्ने कार्यालयले सवारी दर्ता प्रमाणपत्रमा टयाक्सीको वर्ग उल्लेख गर्नु पर्नेछ।

(३) सवारी दर्ता गर्ने कार्यालयले टयाक्सीको दर्ता गर्दा, जाँचपास वा सोको नवीकरण गर्दा यस मापदण्ड बमोजिम भए नभएको सम्बन्धमा अनुसूची-७ को व्यवस्था बमोजिम निरीक्षण गर्नु पर्नेछ।

८. **वर्ग सम्बन्धी सङ्केत चिन्ह** : प्रत्येक टयाक्सीमा अनुसूची-८ मा तोकिए बमोजिमको वर्ग खुलेको सङ्केत चिन्ह टाँस्नु पर्नेछ।

९. **छतमा राखिने सङ्केत बत्ती** : प्रत्येक टयाक्सीको छतमा अगाडि र पछाडिबाट देखिने गरी अनुसूची-९ बमोजिमको उपलब्धता सूचक सङ्केत बत्ती राख्नु पर्नेछ।

१०. **सहायक उपकरणहरु जडान भएको हुनुपर्ने** : प्रत्येक टयाक्सीमा अनुसूची-१० बमोजिमको सहायक उपकरणहरु अनिवार्य रुपमा जडान भएको हुनु पर्नेछ।

११. **चालक तथा सवारीको विवरण** : प्रत्येक टयाक्सीभित्र अनुसूची-११ बमोजिमको ढाँचामा यात्रुले देख्ने गरी चालक तथा सवारीको विवरण टाँस वा डिस्प्ले गरी राख्नु पर्नेछ।

१२. **चालकको ड्रेस कोड** : प्रत्येक टयाक्सी चालकले टयाक्सी चलाउँदा अनुसूची-१२ बमोजिमको रेफ्लेक्टिभ ज्याकेट लगाएको हुनु पर्नेछ।

१३. **टयाक्सीको भाडा दर** : (१) साधारण वर्गको टयाक्सीको अधिकतम भाडादर अधिकार प्राप्त निकायले तोके बमोजिम हुनेछ।

(२) विशेष वर्गको टयाक्सीको अधिकतम भाडा दर साधारण वर्गको टयाक्सीको भन्दा बीस प्रतिशतसम्म बढी हुन सक्नेछ।

(३) विशिष्ट वर्गको टयाक्सीको अधिकतम भाडा दर साधारण वर्गको टयाक्सीको भन्दा सय प्रतिशतसम्म बढी हुन सक्नेछ।

१४. **सञ्चालनमा रहेका टयाक्सीको वर्ग कायम गर्न सकिने**: (१) यो मापदण्ड लागू हुनु भन्दा अघि नै दर्ता भई टयाक्सीको रुपमा सञ्चालनमा रहेको सवारीलाई विशेष वा विशिष्ट वर्गमा कायम गराउन चाहने सवारी धनीले सवारी दर्ता गर्ने कार्यालयमा निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा आवश्यक जाँचबुझ गरी अनुसूची-३ वा अनुसूची-४ मा तोकिएको विशेषता तथा सुविधा भएको सवारीलाई अनुसूची-७ बमोजिम निरीक्षण



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

गरी सवारी दर्ता गर्ने कार्यालयले विशेष वा बिशिष्ट वर्गको ट्याक्सीको रुपमा सवारी दर्ता प्रमाणपत्रमा वर्ग उल्लेख गरिदिन सक्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-१ बमोजिम सुरक्षा विशेषता नभएका ट्याक्सीलाई विशेष तथा विशिष्ट वर्ग कायम गर्न सकिने छैन।

(४) यो मापदण्ड लागू हुनु भन्दा अघि नै दर्ता भई ट्याक्सीको रुपमा सञ्चालनमा रहेको सवारी उपदफा (२) बमोजिम विशेष वा विशिष्ट वर्गमा कायम भएको अवस्थामा बाहेक स्वतः साधारण वर्गमा कायम भएको मानिनेछ।

१५. **सञ्चालनमा रहेका ट्याक्सीको हकमा समेत लागू हुने** : (१) यो मापदण्ड लागू हुनु भन्दा पहिले नै दर्ता भई सञ्चालनमा रहेको ट्याक्सीको हकमा समेत यो मापदण्ड लागू भएको ६ महिना भित्र सम्बन्धित सवारी धनीले दफा ९, १०, ११ र १२ मा रहेका व्यवस्थाहरुको पालना गरीसक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको व्यवस्था पालना नभएको ट्याक्सीको लागि सवारी दर्ता गर्ने कार्यालय वा अन्य अधिकार प्राप्त कार्यालयबाट जाँचपास प्रमाणपत्र तथा बाटो इजाजतपत्र जारी वा नवीकरण हुने छैन।

## परिच्छेद-३
## विविध

*१६. **मापदण्डमा संशोधन** : (१) मन्त्रालयले आवश्यक्तानुसार यस मापदण्डमा संशोधन गर्न सक्नेछ।

(२) यस मापदण्डमा लेखिएको कुनै कुरा ऐन तथा नियमावलीमा भएको व्यवस्थासँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

*१७. **अनुसूचीमा हेरफेर** : मन्त्रालयले आवश्यक्तानुसार अनुसूचीमा हेरफेर गर्न सक्नेछ।

१८. **खारेजी र बचाउ** : (१) मिटर जडित ट्याक्सीको मापदण्ड, २०७६ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिम खारेज भएको मापदण्ड अन्तर्गत भए गरेका काम कारवाहीहरु यसै मापदण्ड बमोजिम भए गरेको मानिनेछ।

---

* पहिलो संशोधनद्वारा संशोधित।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -१
### (दफा ४ संग सम्बन्धित)
### टयाक्सीमा हुनुपर्ने न्यूनतम सुरक्षा विशेषताहरु

(क) Anti-Lock Braking System (ABS) with Electronic Brake Force Distribution (EBD)

(ख) Driver and Co-Driver Air Bags (At least two)

(ग) High Speed Alert System

(घ) Seat Belts for all Seats (Front and Rear)

(ङ) Driver and Co-Driver Seat Belt Reminder

(च) Rear Parking Sensor or Rear View Camera

* ..........................................

---

* पहिलो संशोधनद्वारा झिकिएको।



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरवार, काठमाडौं

अनुसूची-२

(दफा ५ को खण्ड (क) संग सम्बन्धित)

साधारण ट्याक्सी (Ordinary Taxi) मा हुनुपर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण

| आन्तरिक दहन इन्जिन जडित सवारी | | विद्युतीय सवारी (हाइड्रोजन फ्युल सेल अधारित सवारी समेत) | |
|---|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम: (१.५% सम्म कम समेत समावेश हुने) | १००० सि.सि. वा सो भन्दा माथि | व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (GVW, केजी) बीचको न्यूनतम अनुपात | ०.०१५ |
| अधिकतम इन्जिन वा मोटर शक्ति: * (१.५% सम्म कम समेत समावेश हुने) | ४० किलो वाट वा सो भन्दा माथि | | |
| अधिकतम इन्जिन वा मोटर टर्क: | ६५ न्यूटन मिटर वा सो भन्दा माथि | | |
| व्हील बेस : | २३०० मि.मि. वा सो भन्दा माथि | | |
| बुट स्पेश (मालसामान राख्ने क्षमता) (सबै सीट सिधा अवस्थामा राख्दा): | १६० लिटर वा सो भन्दा माथि | | |

नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

* पहिलो संशोधनद्वारा थपिएको।

## अनुसूची-३

### (दफा ५ को खण्ड (ख) संग सम्बन्धित)

<u>विशेष ट्याक्सी (Deluxe Taxi) मा हुनुपर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण</u>

| **आन्तरिक दहन इन्जिन जडित सवारी** | | **विद्युतीय सवारी (हाइड्रोजन फ्युल सेल अधारित सवारी समेत)** | |
|---|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम: (१.५% सम्म कम समेत समावेश हुने) | १२०० सि.सि. वा सो भन्दा माथि | व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (GVW, केजी) बीचको न्यूनतम अनुपात | ०.०१९ |
| अधिकतम इन्जिन वा मोटर शक्ति: * (१.५% सम्म कम समेत समावेश हुने) | ५० किलोवाट वा सो भन्दा माथि | | |
| अधिकतम इन्जिन वा मोटर टर्क: | ८० न्यूटन मिटर वा सो भन्दा माथि | | |
| व्हील बेस : | २५०० मि.मि. वा सो भन्दा माथि | | |
| बुट स्पेश (मालसामान राख्ने क्षमता) (सबै सीट सिधा अवस्थामा राख्दा): | २०० लिटर वा सो भन्दा माथि | | |

अन्य सुविधा:

१. टच स्क्रीन सहितको डिस्प्ले स्क्रीन कम्तीमा एक
२. विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल (अगाडि र पछाडि)
३. जाडो गर्मी सबै मौसमको लागि उपयुक्त हुने वातानुकुलन प्रणाली

नोट: सवारी निर्माता कम्पनी बाहेक अन्य पक्षले जडान गरेको डिस्प्ले समेत मान्य हुने।

---

* पहिलो संशोधनद्वारा थपिएको।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

**अनुसूची-४**

**(दफा ५ को खण्ड (ग) संग सम्बन्धित)**

विशिष्ट ट्याक्सी (Luxury Taxi) मा हुनुपर्ने प्राविधिक विशेषता तथा सुविधाको विवरण

| आन्तरिक दहन इन्जिन जडित सवारी | | विद्युतीय सवारी (हाइड्रोजन फ्युल सेल अधारित सवारी समेत) | |
|---|---|---|---|
| इन्जिन डिस्प्लेसमेन्ट भोल्युम: (१.५% सम्म कम समेत समावेश हुने) | २००० सि.सि. वा सो भन्दा माथि | व्याट्रीमा संचित हुने उर्जा (किलोवाट आवर) र सवारीको कुल भार (GVW, केजी) बीचको न्यूनतम अनुपात | ०.०२५ |
| अधिकतम इन्जिन वा मोटर शक्ति: * (१.५% सम्म कम समेत समावेश हुने) | १०० किलोवाट वा सो भन्दा माथि | | |
| अधिकतम इन्जिन वा मोटर टर्क: | १७० न्यूटन मिटर वा सो भन्दा माथि | | |
| व्हील बेस: | २७०० मि.मि. वा सो भन्दा माथि | | |
| बुट स्पेश (मालसामान राख्ने क्षमता) (सबै सीट सिधा अवस्थामा राख्दा): | ४०० लिटर वा सो भन्दा माथि | | |

* पहिलो संशोधनद्वारा थपिएको।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

अन्य सुविधाः

१. विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल (अगाडि र पछाडि)
२. जाडो गर्मीसबै मौसमको लागि उपयुक्त हुने हावाको गुणस्तर नियन्त्रण सहितको स्वचालित वातावरण नियन्त्रण क्षमताको वातानुकुलन प्रणाली
३. पछाडिको सीटको लागि समेत वातानुकुलित हावा प्रवाह हुने हावा पथ
४. पछाडिको सीटमा शिर अड्याउने हेडरेष्ट
५. पछाडिको यात्रुको लागि हात अड्याउने आर्म रेष्ट हुनुपर्ने
६. अगाडि र पछाडि कप होल्डर हुनुपर्ने
७. पछाडिको सीटका यात्रुका लागि समेत मोवाइल तथा अन्य विद्युतीय उपकरणहरु चार्ज गर्न डिसि वा एसी पावर आउटलेट
८. WIFI इन्टरनेट सुविधा*
९. अगाडिको शिर कक्ष (Front Head Room) र पछाडिको शिर कक्ष (Rear Head Room) कम्तीमा क्रमशः १००० मि.मि. र ९५० मि.मि. हुनुपर्ने (1% सम्म कम समेत समावेश हुने गरी)
१०. अगाडिको पाउ कक्ष (Front Leg Room) र पछाडिको पाउ कक्ष (Rear Leg Room) कम्तीमा क्रमशः १००० मि.मि. र ९०० मि.मि. हुनुपर्ने (१% सम्म कम समेत समावेश हुनेगरी)

*सवारी निर्माता कम्पनी बाहेक अन्य पक्षले जडान गरेको डिस्प्ले तथा WIFI इन्टरनेट सुविधा समेत मान्य हुने।



नेपाल सरकार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय सिंहदरबार, काठमाडौं

## अनुसूची-५

### (दफा ६ को उपदफा (१) संग सम्बन्धित)

### सवारीको वर्ग कायम गराउन विभाग समक्ष दिइने निवेदनको ढाँचा

हुलाक टिकट

श्रीमान महानिर्देशकज्यू,
यातायात व्यवस्था विभाग

विषयः टयाक्सीको रुपमा प्रयोग गर्नका लागि सवारी-मोडलको वर्ग कायम गराई पाउँ।

(उत्पादक कम्पनी/एसेम्बलीकर्ता/रूपान्तरणकर्ताको नाम, ठेगाना) ले उत्पादन/एसेम्बली/रूपान्तरण गरेको निम्नानुसारको विवरण भएको सवारीको मोडललाई **ट्याक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१** बमोजिम जाँचबुझ गरी (वर्गको प्रकार) वर्गमा कायम गरी पाउँ भनी (आधिकारिक विक्रेता/उत्पादक/एसेम्बलीकर्ता/रूपन्तरणकर्ता) को रुपमा सवारीको आधिकारिक स्पेसिफिकेसन म्यानुअल/ब्रोसर साथै राखी यो निवेदन पेश गरेका छौं।

**सवारीको विवरणः**

(क) उत्पादक/एसेम्बली कम्पनीको नाम, ठेगानाः
(ख) सवारीको मोडल/वर्षः
(ग) इन्धनः
(घ) सीट संख्याः
(ङ) व्हील बेसः
(च) सवारीको कूल भार (GVW):
(छ) इन्जिनको डिस्पेलेसमेन्ट भोल्युम (IC Engine सवारीको हकमा):
(ज) व्याट्रीमा संचित हुन सक्ने कुल उर्जा kWh मा (विद्युतीय सवारीको हकमा):
(झ) इन्जिन/विद्युतीय मोटरको अधिकतम पावर, kW मा:
(ञ) इन्जिन/विद्युतीय मोटरको अधिकतम टर्क, Nm मा:
(ट) सबै सीट सिधा अवस्थामा हुँदा सवारीको मालसामान कक्षको क्षमता, लिटरमा (Boot Space):
(ठ) सवारीमा रहेका सुरक्षा विशेषताः

| क्र.सं. | सुरक्षा विशेषता | भए /नभएको |
|---|---|---|
| १. | Anti-Lock Braking System (ABS) with Electronic Brake Force Distribution (EBD) | |



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

| | | |
|---|---|---|
| २. | Driver and Co-Driver Air Bags (At least two) | |
| ३. | High Speed Alert System | |
| ४. | Seat Belts for all Seats (Front and Rear) | |
| ५. | Driver and Co-Driver Seat Belt Reminder | |
| ६. | Rear Parking Sensor or Rear View Camera | |

(ङ) सवारीमा रहेका सुविधाः

| क्र.सं. | सुविधाहरु | भएका सुविधाहरुको विवरण |
|---|---|---|
| १. | टच स्क्रीन सहितको डिस्प्ले स्क्रीन | |
| २. | विद्युतीय स्वीचबाट खुल्ने र बन्द हुने झ्याल | |
| ३. | वातानुकुलन प्रणाली | |
| ४. | पछाडिको सीटको लागि समेत वातानुकुलित हावा प्रवाह हुने हावा पथ | |
| ५. | पछाडिको सीटमा शिर अडयाउने हेड रेष्ट | |
| ६. | पछाडिको यात्रुको लागि हाथ अडयाउने आमरिष्ट | |
| ७. | अगाडि र पछाडि कप होल्डर | |
| ८. | पछाडिको डिसि वा एसी पावर आउटलेट | |
| ९. | WIFI इन्टरनेट सुविधा | |
| १०. | अगाडिको शिर कक्ष (Front Head Room) र पछाडिको शिर कक्ष (Rear Head Room) | |
| ११. | अगाडिको पाउ कक्ष (Front Leg Room) र पछाडिको पाउ कक्ष (Rear Leg Room) | |

<u>निवेदकको</u>

नाम, थर :

ठेगाना :

दस्तखत :

मिति :



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-६

**(दफा ६ को उपदफा (२) संग सम्बन्धित)**

<u>वर्ग कायम सम्बन्धी प्रमाणपत्रको ढाँचा</u>

नेपाल सरकार

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय

यातायात व्यवस्था विभाग

प्रमाणपत्र नं:
आर्थिक वर्ष:

### टयाक्सीको रुपमा प्रयोग हुने सवारीको वर्ग कायम गरिएको प्रमाणपत्र

(उत्पादक/एसेम्बलीकर्ता/रुपान्तरणकर्ता कम्पनीको नाम, ठेगाना) ले (वर्षमा) उत्पादन गरेको निम्नानुसारको विवरण भएको मोडल नामको सवारीलाई टयाक्सीको रुपमा प्रयोग हुने सवारी सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८१ बमोजिम (वर्गको प्रकार) वर्गमा कायम गरी यो प्रमाणपत्र दिइएको छ।

सवारीको विंवरण:

१. इन्धन :
२. सीट संख्या :
३. व्हील बेस :
४. सवारीको कूलभार (GVW) :
५. इन्जिनको डिस्पेलेसमेन्ट भोल्युम (IC इन्जिन सवारीको) :
६. व्याट्रीमा संचित हुन सक्ने कूल उर्जा (विद्युतीय सवारीको) :
७. इन्जिन/विद्युतीय मोटरको अधिकतम पावर :
८. इन्जिन/विद्युतीय मोटरको अधिकतम टर्क :
९. सबै सीट सिधा अवस्थामा हुँदा सवारीको मालसामान कक्षको क्षमता, लिटरमा (Boot Space):

<u>प्रमाणपत्र जारी गर्ने अधिकारीको</u>

नाम, थर :
पद :
मिति :
दस्तखत :

(यो प्रमाणपत्र उत्पादक वा एसेम्बलीकर्ताले सवारीको यस मोडलमा आकार, यान्त्रिक क्षमता, सुरक्षा विशेषता तथा उपलब्ध सुविधा जस्ता पक्षहरुमा कुनै परिवर्तन नगरेसम्म यस मोडलका सबै सवारीहरुका लागि मान्य हुनेछ।)



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -७

**(दफा ७ को उपदफा (३) संग सम्बन्धित)**

<u>सवारी दर्ता गर्ने कार्यालयले गर्ने निरीक्षणको सूची</u>

| क्र.सं. | निरीक्षणको विषय | देखिएको विवरण |
|---|---|---|
| १. | सवारीको मोडल/वर्ष | |
| २. | उत्पादक/एसेम्बलरको नाम, ठेगाना | |
| ३. | मोडलका लागि विभागबाट जारी भएको प्रमाणपत्र नं र मिति | |
| ४. | कायम भएको वर्ग | |
| ५. | विभागबाट कायम भएको वर्ग अनुसारका विशेषता सवारीमा भए/नभएको | |
| ६. | छतमा पँहेलो रङ्ग प्रयोग भए/नभएको | |
| ७. | वर्ग अनुसारको सङ्केत चिन्ह प्रयोग भए/नभएको | |
| ८. | छतमा मापदण्ड अनुसारको सङ्केत बत्ती जडान भए/नभएको | |
| ९. | प्रिन्टर सहितको डिजिटल भाडा मिटर जडान भए/नभएको | |
| १०. | डिस्पले सहितको जि.पि.एस. न्याभिगेसन प्रणाली जडान भए/नभएको | |
| ११. | सवारीको जाँचपास भए/नभएको : | |
| १२. | सवारीको समग्र भौतिक अवस्था ठीक भए/नभएको: | |
| १३, | इन्जिन नम्बर: | |
| १४. | च्यासिस नम्बर: | |

उपरोक्तानुसारको सवारी ट्याक्सीको रुपमा दर्ता गर्न उपयुक्त भए/नभएको बारे प्राविधिक कर्मचारीको राय:

<u>निरीक्षण गर्ने प्राविधिक कर्मचारीको</u>

नाम, थर :

पद :

दस्तखत :

मिति :



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-८


**(दफा ८ संग सम्बन्धित)**

टयाक्सीमा राखिने वर्ग खुल्ने सङ्केत चिन्हहरु


साधारण (Ordinary), विशेष (Deluxe) वा विशिष्ट (Luxury) वर्गका टयाक्सीहरुमा ८० x ८० मि.मि. को वर्गाकार पारदर्शी प्लाष्टिकभित्र रातो रङ्गमा कम्तीमा ६० मि.मि. उचाई र ८ मि.मि. मोटाईका अंग्रेजी अक्षरहरु क्रमशः "O", "D" वा "Y" लेखिएका स्टिकर टाँस्नु पर्नेछ।

प्रत्येक टयाक्सीमा निम्नानुसारका चार स्थानमा सवारीको वर्ग खुल्ने सङ्केत चिन्ह भएको स्टिकर टाँस्नु पर्नेछ:

१. अगाडिको सिसाको चालक तर्फको माथिल्लो कुना
२. पछाडि पट्टिको दायाँ र बायाँ ढोकामा
३. पछाडिको सिसाको बायाँ तर्फको तल्लो कुनामा





साधारण (Ordinary) टयाक्सीको संकेत चिन्ह




विशेष (Deluxe) टयाक्सीको संकेत चिन्ह



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं




विशिष्ट (Luxury) ट्याक्सीको संकेत चिन्ह




नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-९

**(दफा ९ संग सम्बन्धित)**

<u>ट्याक्सीको छतमा राखिने सङ्केत वत्ति</u>




छतमा राखिने सङ्केत बत्ती (Rooftop Indicator Lamp Box) को नाप ( मि.मि. मा)
(लम्बाई: २८०-३२०, चौढाई: ८०-१०० र उचाई: ९०-११०, अक्षरको उचाई कम्तीमा ६०)


अर्थोगोनल्ली प्रोजेक्टेड नाप उपरोक्त अनुसारमा नबढ्ने गरी अर्ध वृताकार वा अन्य डिजाइनको बत्ती समेत राख्न सकिनेछ । बत्तीमा लेखिएको अंग्रेजी "TAXI" शब्द अगाडि र पछाडि दुवैतर्फबाट प्रष्ट देखिने हुनु पर्नेछ।



सवारी खाली हुँदा बल्ने हरियो सङ्केत बत्ती



सवारी खाली नहुँदा बल्ने रातो सङ्केत बत्ती




सवारी सेवामा नहुँदा (Off Duty) बल्ने सेतो सङ्केत बत्ती



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

बत्तीमा बालिने ३ थरि रङ्गको नियन्त्रण स्वीच चालक सीटको अगाडि जडान गर्नु पर्नेछ।

नोट : छतमा राखिने सङ्केत बत्ति सवारी उत्पादक कम्पनी बाहेक अन्य पक्षबाट समेत जडान हुन सक्नेछ।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१०

**(दफा १० संग सम्बन्धित)**

<u>ट्याक्सीमा हुनुपर्ने अनिवार्य सहायक उपकरणहरु</u>

१. प्रिन्टर सहितको डिजिटल भाडा मिटर

२. डिस्प्ले सहितको जि.पि.एस. न्याभिगेसन प्रणाली

नोट : माथि उल्लिखित डिजिटल भाडा मिटर र न्याभिगेसन प्रणाली सवारी उत्पादक कम्पनी बाहेक अन्य पक्षबाट समेत जडान हुन सक्नेछ।



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरवार, काठमाडौं

## अनुसूची -११

(दफा ११ संग सम्बन्धित)

टयाक्सीमा राख्नुपर्ने चालक तथा सवारीको विवरण

### चालक तथा सवारीको विवरण

### DRIVER AND VEHICLE INFORMATION

**Vehicle no.: •••••••**

सवारी नं.: •••••••

**Driver's NAME: ..............................**

चालकको नामः ..................................

**Contact No.: ......................................**

सम्पर्क नं. : .......................................

**Driver's license No.:..................**

**Taxi Fare: ............................**

सवारीको भाडादरः ......................................




नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची-१२

**(दफा १२ संग सम्बन्धित)**

<u>ट्याक्सीको चालकको ड्रेस कोड</u>






नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सिंहदरबार, काठमाडौं